प.सं. ०८०।८१
च.नं. ९३

**विक्रम संवत् २०८० मंसिर १८**
**नेपाल संवत् ११४४ कछलागा ७**

**श्री सहमहामन्त्री (कविन्द्र बुर्लाकोटी),**
**श्री सहमहामन्त्री (विपिन कुमार आचार्य),**
**श्री सहमहामन्त्री (सुमना श्रेष्ठ) ।**

**विषय :** जिम्मेवारी तोकिएको ।

पार्टी विधानको धारा २६(४) अनुसार तपसिल बमोजिम जिम्मेवारी तोकिएको व्यहोरा जानकारी गराइन्छ ।

**(क) श्री कविन्द्र बुर्लाकोटी, सहमहामन्त्री**

१. पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउन नेतृत्व गर्ने,
२. पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्र र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र आवश्यकता अनुसार अन्य सूचना प्रवाहित गर्न, निर्णयको जानकारी गराउन तथा निर्देशन जारी गर्न महामन्त्रीलाई आवश्यक सहयोग गर्ने,
३. केन्द्रीय समिति एवं पार्टी सचिवालयका बैठकहरुको निर्णय पुस्तिका तयार गर्न तथा पारित नीति निर्णयहरु कार्यान्वयन गर्न महामन्त्रीलाई आवश्यक सहयोग गर्ने,
४. दैनिक कार्यसञ्चालनमा महामन्त्रीलाई आवश्यक सहयोग गर्ने,
५. पार्टीको केन्द्रीय कार्यालय सञ्चालनमा महामन्त्रीलाई आवश्यक सहयोग गर्ने,
६. महामन्त्रीको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ,
७. आफुले गरेका काम कारवाही तथा पार्टी सम्बन्धी आफूलाई प्राप्त सूचना महामन्त्रीलाई नियमित रुपमा रिपोर्टिङ गर्ने,
८. महामन्त्रीलाई आवश्यकता अनुसार सल्लाह सुझाव दिने ।

**(ख) श्री सुमना श्रेष्ठ, सहमहामन्त्री**

१. पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्र र पार्टी सदस्यहरुबाट सदनमा आवाज उठाउनका लागि अनुरोध गरिएका विषय/मुद्दाहरु अध्ययन गरी पार्टीका सांसदहरुद्वारा सदनमा प्रस्तुत गर्न आवश्यक सहजीकरण तथा समन्वय गर्ने,
२. पार्टीको संसदीय दलको संस्थागत विकास (Institutionalization) का लागि आवश्यक नीति तथा योजना निर्माण र कार्यान्वयनमा भूमिका निर्वाह गर्ने,
३. पार्टीको नीति, विचार तथा कार्यक्रम अनुरुप सांसदहरुको प्रस्तुतिमा एकरुपता कायम गर्न आवश्यक भूमिका निभाउने,
४. महामन्त्रीको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने,
५. आफुले गरेका काम कारवाही तथा पार्टी सम्बन्धी आफूलाई प्राप्त सूचना महामन्त्रीलाई नियमित रुपमा रिपोर्टिङ गर्ने,
६. महामन्त्रीलाई आवश्यकता अनुसार सल्लाह सुझाव दिने ।

महामन्त्री

**(ग) श्री विपिन कुमार आचार्य, सहमहामन्त्री**

१. पार्टीको छवि निर्माणका लागि विभिन्न रचनात्मक, अभियानमूलक योजना तथा कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने,

२. पार्टीका प्रचारप्रसारसँग सम्बन्धित सूचना प्रविधिमा आधारित माध्यमहरु (वेवसाइट, मोबाइल एप आदि), सामाजिक सञ्जालहरु (फेसबुक, ट्वीटर, युट्युब आदि) लगायतलाई पार्टीको हितमा योगदान पुऱ्याउने गरी प्रभावकारी परिचालन गर्न आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने ।

३. विभिन्न माध्यमहरुबाट प्राप्त जनचासो, सल्लाह, सुझाव वा प्रतिक्रियालाई आवश्यकता अनुसार सम्बोधन गर्ने,

४. पार्टीद्वारा आयोजना हुने विभिन्न भेला, सभा, समारोह, ऱ्याली, बैठक तथा पार्टीका नेताहरु सहभागी हुने कार्यक्रमहरुको प्रभावकारी सूचना प्रवाह तथा प्रचारप्रसारका लागि आवश्यक नेतृत्व तथा मार्गदर्शन गर्ने,

५. सांसदहरुले सदन तथा विभिन्न कार्यक्रमहरुमा उठाएका विषयहरुलाई यथोचित प्रचारप्रसार गर्ने,

६. नेताहरुले विभिन्न कार्यक्रमहरुमा अभिव्यक्त गरेका विषयहरुलाई यथोचित प्रचारप्रसार गर्ने,

७. पार्टीका अभियानमुखी कार्यक्रम (जस्तैः घरदैलो कार्यक्रम आदि) को सहभागिता तथा प्रभावकारिता सम्बन्धी प्रतिवेदन पेश गर्ने,

८. महामन्त्रीको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

९. आफुले गरेका काम कारवाही तथा पार्टी सम्बन्धी आफूलाई प्राप्त सूचना महामन्त्रीलाई नियमित रुपमा रिपोर्टिङ गर्ने,

१०. महामन्त्रीलाई आवश्यकता अनुसार सल्लाह सुझाव दिने ।

**डा.मुकुल ढकाल**
महामन्त्री
महामन्त्री तथा प्रवक्ता

**बोधार्थ**
श्री केन्द्रीय समिति



+977 01 5914591, 9851360666 | info@rspnepal.org | www.rspnepal.org